१) प्रधानमन्त्री रोजगार कार्यक्रमको निर्देशक समितिबाट सिफारिश भई आएका देहाय बमोजिमको योजना छनौट गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

| वडा | आयोजना | जम्मा श्रम | अनुमानित रकम |
|---|---|---|---|
| १ | नायु देखि फ्रेजो सेने सम्मको नाला खन्ने तथा मर्मत | ५४ | ३५१०० |
| २ | खुदी सिम्पानी घनपोखरा मोटरबाटो | ११६ | ७५४०० |
| | जनकल्याण सामुदायिक भवन | ११६ | ७५४०० |
| ३ | टुनीखर्क कामे गोरेटोबाटो | ४६ | २९९०० |
| | बुद्धबजार ग्याविन जाली लागाउने | ९२ | ५९८०० |
| | झादी पुल देखि थाकन गोरेटो बाटो | ४६ | २९९०० |
| | लौरसीबोटे देखि टारीकुना सम्म गोरेटो बाटो | ६० | ३९००० |
| | बाह्रविसे देखि माहादेव मद गोरेटो बाटो | ४६ | २९९०० |
| | सिउरुङ सिडि | ४६ | २९९०० |
| | खुदी बजार तरापु गोरेटोबाटो | ५० | ३२५०० |
| ४ | छापा गोरेटोबाटो मर्मत | ७६ | ४९४०० |
| | गोर्सल डाँडा सामुदायिक चौतारा निर्माण | ७६ | ४९४०० |
| | कन्यदेवि मन्दिर निर्माण मिप्रा | ७६ | ४९४०० |
| | जगत तातोपानी जाने बाटो निर्माण | ७६ | ४९४०० |
| | कालाघिरीङ डाँडा गोरेटोबाटो | ४८ | ३१२०० |
| | आठखेत सिचाइ मर्मत | ४८ | ३१२०० |
| | आठखेत सिलढुङ्गा बाटो नाली | ७६ | ४९४०० |
| | सिसी कालाधिरिङ गोरेटो बाटो | ३२ | २०८०० |
| | जगत तातोपानी सरसफाइ | ३२ | २०८०० |
| ५ | संजापु ढुङ्गा छपनी निकाल्ने | १०८ | ७०२०० |
| | तल्लो चिप्ला धारा निर्माण | १०८ | ७०२०० |
| | खोरिया खेत निलि बाटो निर्माण | ७० | ४५५०० |
| ६ | वडा कार्यालय दक्षिण भाग ग्याविन भर्ने | १५० | ९७५०० |
| | मोटरबाटोमा नाली खन्ने | ११२ | ७२८०० |
| ७ | श्री सप्त कन्या प्रा.विको गोरेटोबाटो मर्मत | १०८ | ७०२०० |
| ८ | रिनटाङ बाटो नाला | २० | १३००० |
| | नन्देश्वारा बाटो नाला | १० | ६५०० |
| | भुस्मे सिढि बाटो | ५० | ३२५०० |
| | जलजले बाटो गिरी | २३ | १४९५० |
| | बान्द्रे सिढि बाटो | ४० | २६००० |
| | भुलभुले ढल तथा खानेपानी मर्मत | ४० | २६००० |
| ९ | नौबिसे थलेन्दु गणेश मा.वि बाट सार्की गाउँ जाने गोरेटो बाटो | १०८ | ७०२०० |
| | कुडार देखि सार्की टोल, स्वास्थ्य चौकी बाट सेग्ले गाउँ गोरेटो बाटो | १०८ | ७०२०० |
| | खरखरे दलित बस्ती गोरेटो बाटो | १०८ | ७०२०० |
| | महादेव स्थान जाने बाटो र बगैचा सफा गर्ने | १०८ | ७०२०० |
| | | | १६१३९५० |

२) गाउँपालिका र प्रदेश सरकारको लागत साझेदारीमा निर्माण भएको खुदी - शिउरुङ - स्याङगे सडकको प्राविधिक मूल्याङ्कन अनुसारको रकम माग गर्ने निर्णय गरियो ।

३) गाउँपालिका र प्रदेश सरकारको लागत साझेदारीमा निर्माण भएका खुदी - घनपोखरा - नायू सडकको प्राविधिक मूल्याङ्कन अनुसारको रकम माग गर्ने निर्णय गरियो ।

४) आ.व. २०७६/०७७ को यस प्रस्तावित नीति तथा कार्याक्रमलाई गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।



**गाउँ सभाका अध्यक्ष ज्यू, तथा सभाका सदस्यज्यूहरु,**

यस सम्मानित सभामा आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । सर्वप्रथम नेपालको युगान्तकारी परिवर्तन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको निम्ति विभिन्न चरणका ऐतिहासिक जनआन्दोलन, १० वर्षे सशस्त्र जनयुद्ध,२०६२/६३ को १९ दिने जनआन्दोलन,मधेश आन्दोलन लगायत विभिन्न वर्ग, क्षेत्र र समुदायहरुबाट भएका आन्दोलनमा आफ्नो अमूल्य जीवनको बलिदान गर्नुहुने महान् सहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु । बेपत्ता योद्धाहरु,पीडित परिवार र आफन्तजन प्रति सम्मान व्यक्त गर्दछु । साथै मुक्ति आन्दोलनमा सरिक भई घाईते योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

ऐतिहासिक संविधान सभाबाट बनेको नेपालको संविधान-२०७२ मार्फत हामी संघीयता संस्थागत गरी कार्यन्वयनको चरणमा छौं । विगतको वर्षमा बनाएका नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनको चरणमा जाँदा देखिएका कमजोरी र समस्यहरुबाट पाठ सिक्दै,जनताको आवश्यकता,चाहना र कार्यन्वयनको तत्परतालाई ध्यानमा राख्दै, देशले वि.स.२०७९ सम्ममा अति कम विकासित देशबाट विकासित देशमा स्तरउन्नति गर्ने र वि.स.२०८७ साल सम्ममा दीगो विकासका लक्ष्य हासिल गर्दै उच्चा मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य लिएको छ । यीनै राष्ट्रिय लक्ष्यलाई समेत आधार मन्दै अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार पारिएको छ । यस गाउँपालिकाको विकास र समृद्धिका निम्ति सदैव सकारात्मक सोचका साथ हामीलाई सहयोग,सल्लाह, सुझाव तथा सकरात्मक पृष्ठपोषण प्रदान गर्नुहुने सम्पूर्ण गाउँपालिका वासिहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । अनवरत रुपमा खटेर सहयोग गर्नुहुने,जनप्रतिनिधि,राष्ट्रसेवक-कर्मचारी,शिक्षक,सुरक्षाकर्मी,विकास आयोजनाहरुका उपभोक्ता समिति,महिला,युवा,किसान,जेष्ठ नागरिक, अपाङ्ग, बालबालिका लगायत सम्पूर्ण सञ्जाल र समितिहरु लगायत सम्वन्धित विभिन्न संघ संस्था सबै प्रति आभार सहित धन्यवाद प्रकट गर्दछु । अव म यस मर्स्याङदी गाउँपालिकाको गरिमामय सभामा आगामी आ.व. २०७६/०७७ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि विकास प्रयासहरुलाई मार्गदर्शन गर्न र स्रोत साधनहरुको उपयोगमा दिशानिर्देशन गर्ने हेतुले यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । यसैको नीतिगत मार्गदर्शनमा आगामी आ.व.२०७६/७७ को वजेट तर्जुमा गरी विनियोजन गरिनेछ । जस अनुसार गाउँपालिकाले काम गर्नुपर्ने विभिन्न विषयगत क्षेत्रहरुमा निम्नानुसारका नीति लिइनेछ । संघीय र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान,राजस्व वाडफाँड वापत प्राप्त अनुदान,विषेश अनुदान,विद्युत रोयल्टी आन्तरिक स्रोत ( राजस्व) तथा अन्य अनुदानलाई आधार मानी वजेट विनियोजन गर्ने नीति लिईनेछ ।

**१.आर्थिक विकास नीति :**

स्वाधिन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्दै सामाजिक न्याय सहितको लोक कल्याणकारी राज्य स्थापना गर्ने नेपालको संविधानको लक्ष्यलाई आत्मसात गर्दै उत्पादनशील रोजगार उन्मुख न्यायपूर्ण वितरण, गरिवी न्यूनीकरण गर्दै उच्च आर्थिक वृद्धिदर कायम गरी सामाजिक एवं आर्थिक रुपान्तरण गर्ने उद्देश्य लिईएको छ । विकासोन्मुख राष्ट्रबाट विकसित राष्ट्र निर्माण गर्न आर्थिक समृद्धीमा लाग्न जरुरी छ । समृद्ध नेपाल,सुखी नेपालीको राष्ट्रिय अभियानलाई अनुभूत गर्दै, समृद्ध मर्स्याङ्दी, सुखी जनता भन्ने अभियानलाई सार्थक बनाउनका लागि श्रम, सीप, प्रविधी र पूँजीको व्यवस्थित परिचालनको खाँचो छ । गरिवी,भोकमरी,असमानता आदिको अन्त्य गरि दीगो विकासको लक्ष्य हासिल गर्नका लागि जल,जमिन,जंगल र जनशक्तिको उचित प्रयोग र परिचलना गरी कृषि, पशुपालन, जडिबुटी, पर्यटन, जलविद्युत, व्यापार र व्यवसाय मार्फत आर्थिक क्षेत्रको विकासमा मुख्य जोड दिन जरुरी छ । आर्थिक क्षेत्रका विकासका निम्ति निम्न बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ ।

५) खुदी स्वास्थ्य चौकीमा रहेको एम्बुलेन्स सञ्चालनार्थ भएको खर्च रु.५३,८२९।- (त्रिपन्न हजार आठ सय उन्तीस रुपैया) खुदी स्वास्थ्य चौकीलाई उपलब्ध गर्ने निर्णय गरियो ।

६) यस गाउँपालिकाको आन्तरिक आम्दानीलाई व्यवस्थित गर्न आन्तरिक आय खाता र कार्य सञ्चालन कोष खाता (विविध खाता) सिभिल बैङ्क, शाखा कार्यालय भुलभुलेमा खाता खोल्ने निर्णय गरियो ।

७) यस कार्यालयको सोध पुछ कक्ष र ब्याक अप कोठा निर्माण बापतको प्राविधिक मूल्याङ्कन अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

८) गाउँपालिका र प्रदेश सरकारको लागत साझेदारीमा निर्गाण भएको हाम खोला पार्कको प्राविधिक मूल्याङ्कन अनुसारको रकम माग गर्ने निर्णय गरियो ।

९) मर्स्याङ्दी नदीको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) बमोजिम सम्भाव्य स्थानहरुमा आ.व. २०७६/०७७ का लागि ढङ्गा गिटी बालुवाको टेन्डर आव्हान गर्ने निर्णय गरियो ।

१०) संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत प्राप्त हुन आएको खर्च शिर्षक ३११५१ बायो ग्यास जडान को रकम रु.४,२०,०००।- लाई सौर्य उर्जा प्रविधि जडानमा रकमान्तर गर्ने निर्णय गरियो ।

११) आर सि डि सी लाई सामाजिक परिक्षणका लागि अनुमति दिने र यस गाउँपालिका अन्तरगत रहेका ४ वटा सामुदायिक स्वास्थ्य ईकाईमा (ताराचोक, सिउरुङ, लामागाउँ र जगत) सामाजिक परिक्षण गर्ने निर्णय गरियो ।

१२) एक नागरिक एक फलफुल विरुवा कार्यक्रम अन्तर्गतको मर्स्याङ्दी गाउँपालिकाका सवै वडाहरुमा हिउदे फलफुल विरुवा वितरण शिर्षकको रु.२,००,०००।- , जडीवुटी खेति विकास कार्यक्रम अन्तर्गत वडा नं. ७ को वडा स्तरिय तालिम शिर्षकमा रहेको रु.४०,०००।- र वडा नं. ६ को फलफुल खेति विस्तार कार्यक्रम अन्तर्गतको अनुदानमा किवी विरुवा वितरण शिर्षकमा रहेको रु.३०,०००।- गरी जम्मा रु.२,७०,०००।- (अक्षरुपी दुई लाख सत्तरी हजार मात्र) लाई साना सिँचाई कार्यक्रम अन्तर्गत साना सिँचाई निर्माण, मर्मत सम्भार र सुधार शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

१३) कृषि शाखाबाट विभिन्न वडामा वितरण गर्नको लागि ल्याईएको केराको गानो तथा कफिको विरुवा सरकारी दररेटमा उपलब्ध हुन नसकेको हुँदा सो शाखाले बजारबाट ल्याएको दररेटलाई समर्थन गर्ने निर्णय गरियो ।

१४) मिति २०७६/२/५ को कार्यपालिकाको निर्णय नं १० अनुसार खुदी क्षेत्रमा गर्ने भनिएको आई इ इ उक्त स्थानको सट्टा मर्स्याङ्दी - ८, बान्द्रे नजिकको भिर लगायतका क्षेत्रमा गर्ने निर्णय गरियो ।

१५) निम्न बमोजिमको आर्थीक सहायता गर्ने निर्णय गरियो ।

- भरत परियार, मर्स्याङ्दी - ९, रु. २०,०००।- (सिप मूलक तथा क्षमता विकास तालिम शिर्षकबाट)
- निरमाया भण्डारी, मर्स्याङ्दी - ९ रु.१५,०००।- (पाठेघरमा क्यान्सर भएको)
- सोम बहादुर बि.क., मर्स्याङ्दी - ७ रु. १०,०००।- (आर्थीक विपन्नता)

१६) विपद व्यवस्थापन कोषबाट निम्नानुसारको आर्थीक सहायत गर्ने निर्णय गरियो ।

- सेरा कुलो मर्मत रु. २५,०००।-, मर्स्याङ्दी - ९ ( वर्षाको कारण कुलो भत्केको)
- भीस्म कान्त पौडेल, मर्स्याङ्दी - ८, रु. ५,०००।- (मर्स्याङ्दीमा आएको बाढीले धान खेत पुरेको)
- आईत कुमारी कुँवर जोगी, मर्स्याङ्दी - ३, रु. १०,०००।- (आगलागीबाट धान तथा घरको पिढी पूर्ण रुपमा जलेको)
- मर्स्याङ्दी - ७, सेरा स्थित छिनखोलामा फड्के निर्माण बापत रु. ४,९००।-